NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

ISO 9001 Certified Bank

प्रेस विज्ञप्ति

चैत्र २०, २०८१

# एन आई सी एशिया बैंकको एटिएमबाट एटिएम कार्ड बिना नै इसेवा वालेटको रकम निकाल्न सकिने

एन आई सी एशिया बैंकले आफ्ना ग्राहक महानुभावहरु तथा इसेवा वालेट प्रयोगकर्ता महानुभावहरुलाई बैंकिङ्ग कारोबार गर्न अझ बढी सरल र सहज होस् भन्ने हेतुले मुलुकभर रहेका यस बैंकका एटिएमहरुबाट इसेवा वालेटमा रहेको रकम एटिएम कार्ड बिना नै निकाल्न मिल्ने सेवाको शुरुवात गरेको छ । मुलकभर रहेका यस बैंकका ६७० एटिएमहरुबाट इसेवा वालेटमा रहेको रकम कुनै झन्झट बिनै सामान्य प्रकृयाबाट निकाल्न सकिन्छ ।

यसको निम्ती सबैभन्दा पहिला इसेवा एप लगिन गरेर Financial Payments अन्तर्गत रहेको ATM Withdrawal मा एन आई सी एशिया बैंक छनौट गर्नुपर्छ । अब दिएको निर्देशनअनुसार रु. १०००, रु. २०००, रु. ३०००, रु. ४००० र रु. ५००० रकम छनौट गर्दै रिमार्कस् राखेर अगाडि बढ्नु पर्छ । त्यसपछि इसेवा पिन राखेपछि आफ्नो मोबाइल नम्बरमा OTP कोड प्राप्त हुनेछ । अब एन आई सी एशिया बैंकको एटिएममा रहेको Cardless Withdrawal अप्सनमा गएर Other Cardless र त्यसपछि इसेवा छनौट गर्नुपर्छ । यसअघि मोबाइल नम्बरमा प्राप्त OTP कोड राखेर प्रोसिड गरेपछि आफ्नो रकम प्राप्त हुनेछ । हरेक दिन बढीमा ५ वटा कारोबारमा ५ हजार रुपैयाँसम्म र मासिक बढीमा ५० कारोबारमा २५ हजार रुपैयाँसम्मको रकम निकाल्न सकिने सुविधा यस सेवामा उपलब्ध रहेको छ ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

रन्जन खड्का
सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)